CHINTAN-DHARA: VOL-16, Feb 2022
ISSN: 2091-2714
TUTA, Campus Unit Committee
Dhankuta Multiple Campus, Dhankuta

# स्थानीय उद्यमशीलता विकासमा विश्रान्ति सर्वत उद्योगको भूमिका

जनार्दन घिमिरे[१]
*Email : j7gothale@gmail.com*

## लेखसार

*विश्रान्ति सर्वत उद्योग धनकुटा नगरपालिका वडा नं. ९, मूलघाटमा अवस्थित विश्रान्ति मन्दिर परिसरमा वि. सं. २०६३ मा स्थापित उद्योग हो । यस उद्योगले बेलबाट बनिने सर्वतको उत्पादन गर्दछ । उक्त उद्योगले स्थानीय उद्यमशीलता विकासमा निर्वाह गरेको भूमिका पत्ता लगाउनु यस लेखको मुख्य उद्देश्य हो । यसका लागि यहाँ प्रश्नावली, अन्तर्वार्ता, स्थलगत अध्ययनका माध्यमबाट प्राथमिक स्रोतका सामग्रीहरू सङ्कलन गरिएका छन् भने पुस्तक, पत्रपत्रिका तथा वेवसाइडबाट द्वितीय स्रोतका सामग्रीहरू सङ्कलन गरिएका छन् । सङ्कलित सामग्रीहरूलाई तथ्याङ्कका रूपमा उपयोग गरी तिनलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ । त्यसै खेर गइरहेका वनस्पतीय कच्चा पदार्थलाई पहिचान गरी कुटीर उद्योग सञ्चालन गरिएको हुँदा यस उद्योगले स्थानीय व्यक्तिहरूलाई रोजगारी दिनुका साथै सर्वत उत्पादन गर्ने सिप विकासमा समेत सहयोग पुर्‍याएको छ भन्ने निष्कर्ष यस लेखमा निकालिएको छ ।*

**मुख्य शब्दावली** : *मौसमी उद्योग, पठार, घमाइलो, भूस्खलन, प्याङ्खर, उष्ण मौसम*

## परिचय

विश्रान्ति सर्वत उद्योग नेपालको पूर्वी पहाडी जिल्ला धनकुटा जिल्लाको धनकुटा नगरपालिका वडा नं. ९, मा रहेको विश्रान्ति मन्दिर परिसरमा वि. सं. २०६३ सालदेखि सञ्चालन गरिएको कुटीर उद्योग हो । यो उद्योगको कच्चा पदार्थ बेल भएकाले यसलाई बेल सर्वत उद्योगका नामले पनि चिनिन्छ। नेपाली शब्द बेल Aegle Marmelos वनस्पति परिवारको रूटासी (Rutacese) प्रजातिमा पर्दछ। यसलाई अङ्ग्रेजीमा उड एप्पल (Wood Apple) भनिन्छ भने संस्कृतमा गन्धपत्र, पिताफल, श्रीफल, त्रिफल र सत्फलको नामले चिनिन्छ। यो एक काँडादार वनस्पति हो। यसमा वास्नादार फूल फुल्दछ। बेलको बोट करिब १० मिटर अग्लो हुन्छ भने यो वनस्पति वयस्क हुन लगभग ६० वर्ष लाग्दछ। यो वृक्षमा हल्का हरियो तथा खैरो रङका गोलाकार फलहरू फल्छन् । यो फल वैशाख जेठ महिनामा पाक्दछ। यसको दानाको आकार करिब १५ से.मी.सम्म व्यास भएको र बाहिरी आवरण एकदम कडा हुन्छ । (बेल विकिपिडिया २४अगष्ट २०२०) यसको भित्री भागको रङ हल्का सुन्तला जस्तै हुन्छ जुन वास्नादार र लस्सादार हुन्छ। यो फलको टाँसिने लस्साभित्र बिउ हुन्छ, जसलाई रेसाहरूले जेलेको हुन्छ। यसको स्वाद मधुर हुन्छ। खान योग्य बेलको १०० ग्राममा निम्न पौष्टिक पदार्थहरु पाइन्छन् ।

| क्र.सं. | पौष्टिक पदार्थ | प्रतिशत |
|---|---|---|
| १ | पानी | ६१.५% |
| २ | प्रोटिन | १.०८% |
| ३ | चिल्लो | ०.३०% |
| ४ | फलाम | १.९०% |
| ५ | रेसा | २.९% |
| ६ | कार्वोहाइड्रेड | ३१.८% |

स्रोत : *www.home.remesiesguide.com/herbs/bael fruit.html*

१ *लेखक धनकुटा बहुमुखी क्याम्पस धनकुटामा भूगोल शिक्षा विषयको उपप्राध्यापक हुनुहुन्छ ।*

माथि उल्लेखित तत्त्वहरूवाहेक बेलमा क्यारोटिन (Carotene) रिबोफ्लेभिन (Raboflavin), थियामिन निनासिन (Thiamin nianacin) र भिटामिन "C" समेत पाइन्छ ।

बेललाई भारतीय उपमहाद्धीपको रैथाने वनस्पति मानिन्छ। यो वनस्पति बर्मादेखि अफगानिस्तानको बिचमा पर्ने चुरे पर्वत (Siwalik) र दक्षिण भारतको डेकान पठारमा प्रशस्त पाइन्छ। यो तीन पात भएको पतझर वनस्पति हो। यो वनस्पति नेपालका ५० भन्दा बढी जिल्लाहरूमा पाइन्छ यो वनस्पति नेपालको तराई भागको पूर्वदेखि पश्चिमसम्मको करिब ११०० मिटरको उचाइमा पर्ने शुष्क, घमाइलो, दोमट बलौटे माटो भएको भिरालो जमिनमा पाइन्छ। (स्रोतः बेल विकिपिडीया २४ अगष्त २०२०) यो वनस्पति साल, खयर, कर्मा, चीर वहेदा, सरिफा आदिसँगै पाइन्छ। बेल फलको सही उपयोगबाट मानव स्वास्थ्यमा अत्यन्तै उपयोगी आयुर्वेदिक टोनिक बेल फल र बेल सर्वत रहेको प्रयाप्त प्रमाणहरू पाइन्छन। बेलमा आयुर्वेदिक औषधीय गुण पनि रहेको देखिन्छ (आचार्य, २००१)। यो वनस्पति प्राचीन कालदेखि नै कफ, पित्त र वायुनाशक रोगको औषधीका लागि प्रयोग हुँदै आएको देखिन्छ। (स्रोतः गुगल बेलको महत्त्व) यो फल तथा वनस्पतिलाई अहिले पनि ग्रामीण क्षेत्रमा झाडा, पखाला आउँ र पेट सम्बन्धी रोग निवारणमा प्रयोग गरिन्छ भन्ने विचार कोसी अञ्चल आयुर्वेदका डा. दामोदर वाग्ले बताउनुहुन्छ। यसको साथै गर्मीलाई शीतलता प्रदान गर्ने प्रयोजनका लागि पनि बेलको प्रयोग गरेको पाइन्छ। यही बेलको उपयोग गरी सञ्चालन गरिएको विश्रान्ति सर्वत उद्योगको अध्ययन यस लेखमा गरिएको छ। उक्त उद्योगबाट उत्पादित पेय पदार्थले जिल्ला स्तर प्रदेश स्तर र राष्ट्रिय स्तरमा समेत सर्वोत्कृष्ट पेय पदार्थ उत्पादक भनी घरेलु उद्योगले सम्मान साथै पुरष्कृत समेत गरिसकेकाले पनि उक्त क्षेत्रको बेल सर्वत उद्योगलाई अध्ययनको विषयवस्तु बनाइएको हो।

उद्यमशीलता भनेको आय आर्जनका लागि उद्योग व्यापार आदिमा व्यक्तिको संलग्नता हो। यसको विकासबाट व्यक्तिको आयआर्जनमा सहयोग पुग्नुका साथै रोजगारी सृजनामा समेत सहयोग पुग्दछ। यस उद्योगले पनि स्थानीय उद्यमशीलताको विकासमा के कस्तो भूमिका निर्वाह गरेको छ भन्ने मूल समस्याको समाधानार्थ उद्योगबाट स्थानीय उद्यमशीलताको विकासमा पुगेको सहयोगको अवस्था पत्ता लगाउने उद्देश्य यस लेखमा लिइएको छ। यस उद्योगले स्थानीय व्यक्तिहरूलाई सहयोग गरेको भए पनि के कति व्यक्तिहरूलाई के कस्तो उद्यमशीलताको विकासमा सहयोग गरेको छ भन्ने कुराको अध्ययन हालसम्म नभएकाले यो लेख नवीन विषयमा आधारित भई औचित्यपूर्ण बनेको पनि छ।

## विधि र सामग्री

यो लेखमा धनकुटा जिल्लाको धनकुटा नगरपालिका वडा नं. ९ लाई अध्ययन क्षेत्रका रूपमा चयन गरिएको छ। परिमाणात्मक ढाँचामा लेखिएको यस लेखका लागि आवश्यक पर्ने तथ्याङ्कहरू प्राथमिक र द्वितीय दुवै स्रोतबाट सङ्कलन गरिएका छन्। प्राथमिक तथ्याङ्क सामुदायिक वन उपभोक्ता समूहमा आबद्ध भएका पदाधिकारी, बेल सङ्कलक, उद्योगमा संलग्न कर्मचारी, खाद्य प्रविधि कार्यालयका कर्मचारी, थोक तथा खुद्रा व्यापारी, सामुदायिक वन उपभोक्ता महासङ्घका पदाधिकारी, धनकुटा जिल्ला वन कार्यालय र बेल सर्वत उपभोक्ताहरूलाई प्रतिनिधिमूलक रूपमा छनोट गरेर छलफल, अन्तर्वार्ता, प्रश्नावलीका माध्यमबाट सङ्कलन गरिएको छ। जनसङ्ख्याको चयन गर्दा उद्देश्यपूर्ण नमुना छनोट विधिको उपयोग गरिएको छ। पुस्तक, पत्रपत्रिका तगा वेभसाइडबाट सङ्कलन गरिएका सामग्रीहरूलाई यहाँ द्वितीय स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ। यसरी सङ्कलन गरिएका सामग्रीहरूलाई संकलन, टिपोट प्रस्तुति तथा विश्लेषण गरेर यो लेख तयार पारिएको हो।

# परिणाम र छलफल

यस लेखमा स्थानीय उद्यमशीलता विकासमा विश्रान्ति सर्वत उद्योगको भूमिकाको अवस्था पत्ता लगाउनका लागि सो उद्योगमा कच्चा पदार्थका रूपमा उपयोग हुने बेल सङ्कलनको अवस्था, सर्वत उत्पादनको अवस्था, लगानी र लाभको अवस्था, रोजगारीको अवस्था र विश्रान्ति सर्वत उद्योगको भविष्य र समस्याका विषयका चर्चा गरिएको छ :

## बेल सङ्कलनको अवस्था

विश्रान्ति सर्वत उद्योगका लागि कच्चा पदार्थका रूपमा बेलको आवश्यक पर्दछ। धनकुटा जिल्लाका तमोर, अरूणका किनारी भागका घमाइलो पाखाहरूमा परापूर्वकालदेखि प्रयाप्त बेल वनस्पतिको आवादी रहेको पाइन्छ। यहाँका बेल जङ्गलमा नै पाकेर उपयोगविहीन अवस्थामा त्यतिकै खेर जाने गर्दथ्यो। भनाइ नै छ, "कागलाई बेल पाक्यो हर्ष न विस्मत"। २०६० को दशकबाट धनकुटा जिल्लामा सानो स्तरमा भए पनि बेल प्रशोधन सुरू भएपछि यस क्षेत्रका बेलहरू व्यापारिक उपयोगमा आउन थालेका हुन्। आकारमा सानो भएपनि तराई र भारतमा पाइने ठुला बेलहरूभन्दा यहाँका रैथाने बेलको स्वाद तिख्खर र मौलिक रहेको कुरा यहाँका स्थानीयवासीहरू बताउछन्। बेल पाउने क्षेत्रका ठुला वनहरू सामुदायिक वन उपभोक्ता समूहका रूपमा सङ्गठित छन् र ती वनहरूको स्वामित्व उनीहरूमा नै रहेको छ। जिल्लामा बेल कति परिमाणमा पाइन्छ भन्ने कुनै लेखाजोखा पाइएको छैन। केही वर्ष अघिसम्म व्यावसायिक उत्पादनमा बेल उपयोगमा नआएको हुँदा यसबारे स्थानयीबासीको कुनै चासो थिएन। बेल विक्री हुन थालेपछि सामुदायिक वन र निजी वनका जग्गाधनीहरूले बिस्तारै चासो देखाउन थालेका छन्। विश्रान्ति सर्वत उद्योगमा निम्न क्षेत्रबाट देहायको मात्रामा बेलको आपूर्ति हुने गरेको छ :

*तालिका १ : सर्वत उद्योगका लागि बेलको आपूर्ति र त्यसको परिमाण (केजीमा)*

| क्र.सं. | बेल सङ्कलनका स्रोतहरू | २०६८ | २०६९ | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भुवनेश्वरी | १८८८ | १७०९ | ९०० | ११०० | २६२३ | ४०९७ | ५१३३ | ५७६२ | ९३१ | २५२३ |
| २ | रूद्रवारी | १३३८ | १००३ | ४३३ | ६३४ | १४५५ | ३०६१ | ४२१६ | ३९१३ | ७६६ | ३०३० |
| ३ | पहरे भालुखोला | १४१७ | १३०९ | १२०० | ९०० | १७५० | २९३१ | ३९०१ | ३७०० | ११०३ | १८०० |
| ४ | भाड्टार | १०११ | १४१३ | १५५ | ९१९ | १३०२ | २७२३ | ३७२७ | ४०२६ | ६५६ | १८३३ |
| ५ | जलकन्या | ६४२ | १०६३ | २१३ | ५२९ | ८७२ | २०५५ | ३०३३ | ४०५५ | १०२५ | ३०२९ |
| ६ | सिम्सुवा | ९६ | १४५ | २०५ | २३१ | १०४ | १८८ | २०१ | ४२२ | ३२५ | ३०० |
| ७ | बेलहारा (रूद्रवारी) | ११७३ | २१५७ | ५३८ | १४३७ | ११२५ | ६३०० | ५०३२ | ६१६३ | १६०० | ४०५५ |
| ८ | बेलहारा | ६७८ | १३०५ | ९०० | ९६१ | १७०५ | २८२६ | ४९०० | ६०२२ | ९२५ | ३४०० |
| ९ | मूलघाट (रूद्रवारी) | १४६६ | १७१५ | ४५५ | १५०४ | १४३२ | ३९०७ | ५५५१ | ६२०२ | ११९२ | ३९०० |
| १० | चिम्राहा | २६० | ९६१ | ८२३ | ८३९ | ७२६ | ४४०९ | ५०२६ | ५६०३ | १०३२ | २०२५ |
| ११ | सीतानी सालघारी | ६०० | ५३३ | ६५२ | ७१७ | ५५४ | २०५१ | २७०० | २६०५ | ५२५ | २३०० |
| १२ | निजी वन | १७७१ | १०१७ | २१३३ | १७०० | १८५५ | ४३६६ | ६५०० | ६२०० | १९१० | ३९३१ |
| | जम्मा | १२३४० | १४३३० | ८६०७ | ११४७१ | १५५०३ | ३८९१४ | ४९९२० | ५४६७२ | ११९९० | ३११२६ |

***स्रोत** : विश्रान्ति सर्वत उद्योग, धनकुटा।*

यस तालिकामा वि.सं. २०६८ सालदेखि २०७८ सालसम्म विश्रान्ति सर्वत उद्योगमा प्राप्त भएको बेलको परिमाणलाई प्रस्तुत गरिएको छ। कोभिडको महामारीका कारण वि.सं. २०७७ सालमा उद्योग बन्द रहेका कारण बेल सङ्कलन गरिएको पाइएन। बाँकी दश वर्षको बेलको सङ्कलनको अवस्थालाई हेर्दा यहाँ दश वर्षमा जम्मा २४८८७३ किलोग्राम अर्थात् औसत २४८८७.३ किलोग्राम बेल प्रतिवर्ष यस उद्योगले कच्चा पदार्थका रूपमा सङ्कलन गरेको पाइन्छ। यसबाट बेल उपलब्ध गराउने व्यक्तिहरूको आर्थिक समस्या समाधानमा सहयोग पुऱ्याएको देखिन्छ।

## सर्वत उत्पादनको अवस्था

विश्रान्ति सर्वत उद्योगबाट विगत १० वर्षमा उत्पादन भएको सर्वतको परिमाण यस प्रकार रहेको छ :


***तालिका २ : सर्वत उत्पादनको परिमाण***

| क्र.सं. | उत्पादन वर्ष | उत्पादन परिमाण (लिटरमा) |
|---|---|---|
| १ | २०६८ | ४८७७ |
| २ | २०६९ | ६१२५ |
| ३ | २०७० | ३५८६ |
| ४ | २०७१ | ४३१२ |
| ५ | २०७२ | ६२२६ |
| ६ | २०७३ | १७५०० |
| ७ | २०७४ | २१३०० |
| ८ | २०७५ | २४१६७ |
| ९ | २०७६ | ४४५० |
| १० | २०७८ | १२१०३ |
| | जम्मा | १०४६४६ |

*__स्रोत__ : विश्रान्ति सर्वत उद्योग, धनकुटा।*

यस तालिकामा विगत दश वर्षको सर्वत उत्पादनको अवस्था प्रस्तुत गरिएको छ। यस उद्योगले कम्तीमा ३५८६ र बढीमा २४१६७ लिटर सर्वत उत्पादन गरेको देखिन्छ। औसतमा हेर्ने हो भने यस उद्योगबाट प्रतिवर्ष १०४६४.६ लिटर सर्वत उत्पादन गरेको छ। यसबाट उद्योगमा संलग्न कामदारहरूको आर्थिक समस्या समाधानका लागि सहयोग पुगेको पाइन्छ।

***आरेख १ : बेल खरिदको परिमाण र सर्वत उत्पादनको अवस्था***



## लगानी र लाभको अवस्था

विश्रान्ति सर्वत उद्योगले एक बोतल सर्वतका लागि रु. ७५।–का दरले लगानी भएको र रु. १२०।–का दरले विक्री भएको जनाएको छ। यसो हुँदा एक बोतलमा ४५।– रुपैयाँ नाफा हुने देखिन्छ। एक पेट बोतलमा ७०० मि.लि. सर्वत राखिने भएकाले औसतमा प्रतिवर्ष १४९५० पेटबोतल सर्वत उत्पादन हुने गर्दछ। उत्पादन भएको सर्वतको परिमाणलाई हेर्दा कम्तीमा २३०५२९।– र बढीमा १५५३५९३।– नाफा गरेको देखिन्छ। औषतमा यस उद्योगले प्रतिवर्ष ६७२७२४।– रकम नाफा गरेको पाइएको छ। नाफा रकमलाई विश्रान्ति मन्दिर संस्थामा बचत रहने र आवश्यकतानुसार संस्थको हितमा खर्च गर्ने गरिएको छ।

## रोजगारीको अवस्था

यस उद्योगले धनकुटा जिल्लाको अरूण र तमर नदी किनारी क्षेत्र, बैंसी तथा अन्य कछाड क्षेत्रका जङ्गलहरूमा खेर गएको बेल सङ्कलन गरी विश्रान्ति मन्दिर परिसरमा विश्रान्ति सर्वत उद्योगको स्थापना गरी स्थानीय व्यक्तिहरूको रोजगारीमा सहयोग पुऱ्याइएको छ। यस उद्योगले स्थानीय व्यक्तिहरूलाई दिएको रोजगारीको अवस्था यस प्रकार छ :

*तालिका ३ : विश्रान्ति सर्वत उद्योगबाट प्राप्त रोजगारीको अवस्था*

| क्र.सं. | रोजगारीका शीर्षकहरू | रोजगारी पाउने व्यक्तिहरूको सङ्ख्या | रोजगारीको अवस्था |
|---|---|---|---|
| १ | बेल सङ्कलन गर्ने र ढुवानी गर्ने | ३० जना (एक महिना) | प्रति केजी रू. १५।– का दरले रू.१५२५०।– |
| २ | सर्वत उत्पादन गर्ने | १५ जना | प्रतिव्यक्ति दैनिक रू. ६००।– का दरले |
| ३ | सर्वत विक्री गर्ने डिलर | ७ | प्रतिबोतल रु. ५।–का दरले |
| ४ | सर्वत विक्री गर्ने खुद्रा व्यापारी | १५ | प्रतिबोतल रु.१०।– का दरले |

यस तालिकामासर्वत उद्योगका लागि आवश्यक पर्ने बेलको सङ्कलन गर्ने र ढुवानी गर्ने व्यक्तिहरूलाई उपलब्ध गराइएको रोजगारको अवस्था, उद्योगमा काम गर्ने कामदारलाई दिइएको रोजगारको अवस्था र सर्वत विक्री गर्ने थोक र खुद्रा व्यापारीहरूको विवरण प्रस्तुत गरिएको छ। यीमध्ये बेल सङ्कलन गर्ने, सङ्कलन गरेका बेललाई उद्योग स्थलसम्म ढुवानी गर्ने र उद्योगका सर्वत उत्पादन गर्ने व्यक्तिहरूलाई उद्योग सञ्चालन हुने तीन महिनासम्म रोजगारी दिने गरिएको छ। थोक र खुद्रा व्यापारीलाई भने बाह्रै महिना विक्री गर्न पुग्ने गरी सर्वत उत्पादन भएको पाइएको छ।

विश्रान्ति मन्दिरबाट सर्वत विक्री गर्नका लागि पूर्वका केही मुख्य तराई र पहाडका बजारमा सर्वत बजार अध्ययनको नमुना सर्वेक्षण गरिएको थियो। यसरी छनौट गरिएका बजारहरूमा हिले, विराटनगर, धरान र इटहरी थोक विक्रेताका रूपमा चयन भएका थिए जसको विवरण तालिका ४ मा देखाइएको छ।

यस तालिकामा विश्रान्ति सर्वत उद्योगबाट उत्पादित सर्वतको थोक विक्रेताहरूको जानकारी दिइएको छ। यी थोक विक्रेताहरूलाई सर्वतको थोक मात्रा विक्रीको अनुमति विश्रान्ति मन्दिरबाट दिइएको छ। हाल हरेक थोक विक्रेतालाई प्रति पेटबोतल रु. ५।– र प्रतिकार्टुन रु. ६०।– का दरले कमिसन उपलब्ध गराइएको छ। यस उद्योगको सर्वत विक्री गर्ने खुद्रा विक्रेतको सङ्ख्या १५ रहेको छ। खुद्रा विक्रेताले प्रतिबोतल रु. १०।–का दरले कमिसन पाउँछन्। यसरी थोक तथा खुद्रा विक्रेताले सर्वत विक्री गरी लाभ प्राप्त गरेका छन् र उनीहरूको आय वृद्धिमा यस उद्योगले सहयोग पुऱ्याएको छ।

*तालिका ४: थोक विक्रेताको विवरण*

| क्र.सं. | थोक विक्रेताको नाम | ठेगाना |
|---|---|---|
| १ | पाथिभरा सप्लायर्स | बुढीखोलापूर्व इटहरी |
| २ | मैनाली सप्लायर्स | हिले |
| ३ | तोडी डिष्ट्रिब्युटर्स | विराटनगर |
| ४ | गोर्खा डिपार्टमेन्टल स्टोर | इटहरी चोक |
| ५ | इमान्जली ट्रेडर्स | हिले |
| ६ | कस्तुरी किराना पसल | हिले |
| ७ | कमला कोल्ड सेन्टर | धरान |

## विश्रान्ति सर्वत उद्योगको भविष्य र समस्या

बेल सर्वत उद्योगलाई व्यावसायिक बनाउन सकिएमा यसको भविष्य उज्वल रहेको छ। जङ्गलमा त्यसै खेर जाने बेलबाट आम्दानी हुने देखेर किसानहरूले वृक्षारोपण गरी बेल उत्पादन गर्नेछन्। यसबाट उनीहरूको आय आर्जनमा सहयोग पुग्नेछ। बेल सर्वतका ग्राहकहरूले बेलको आयुर्वेदिक महत्त्व तथा बहुगुण सम्पन्न पेय पदार्थको चेतना अभिवृद्धि भई बजार बढ्ने छ। व्यावसायिक रूपमा बेलको खेती सुरुवात हुनेछ। बेल सर्वत उत्पादनमा प्राविधिक जनशक्ति प्राप्त भइरहने छन्। थप रोजगारी सृजना हुनेछ।

यस उद्योगले अनेक समस्याहरू पनि बेहोरिरहेको अवस्था छ। काँडासहितको बोट भएकाले बेल टिप्न असुविधा भई हाँगा नै काट्ने गर्दछन्। यसरी हाँगा काटेपछि उत्पादन दर घट्दो रूपमा रहेको छ। यसै गरी सुख्खा समयमा वन डडेलो लागेर बेलका वृक्ष तथा विरुवाहरू नष्ट भएका छन्। बेल फल टिप्न समस्या छ। अधिकांश बेलका रूखहरू भिरालो पाखो जमिनमा रहेका छन्। फल टिप्दा झरेर पाखाबाट लडेर धेरै तल पुग्ने गर्दछ। रुखो जमिनमा बेल फल्दा खडेरीका समयमा बेलका दाना साना हुने गुदी भन्दा बोक्राको तौल बढी भई उत्पादन लागत बढ्दो रहेको छ। बेलका बोक्राको हवन सामग्री बन्न सक्ने भए तापनि उद्योगकै रूपमा हवन सामग्री सामग्री निर्माण गर्ने उद्योग नभएकाले बोक्राहरू त्यसै खेर फाल्नुपरेको छ। विश्रान्ति सर्वत उद्योग व्यावसायिक बन्ने प्रयासमा रहेको छ। हालसम्म विश्रान्ति शान्ति आश्रमको सहानुभूति बजारका रूपमा स्थापित भई बजारको मागभन्दा कम उत्पादन भइरहेको अवस्था छ। साथै पर्याप्त बेल सङ्कलन गरी भण्डारन गर्न सक्दा निरन्तर सर्वत उत्पादन भइरहने सम्भावना रहेको छ। तर व्यावसायिकीकरणमा समस्या भएर यी कार्यहरू गर्न सकिएको छैन।

## निष्कर्ष

बेल औषधीय गुण भएको वनस्पति भएकाले यसको उपयोगिता अधिक नै छ। यस वनस्पतिको फल सर्वत उत्पादनमा कच्चा पदार्थका रूपमा उपयोगी हुने गर्दछ। बेलबाट उद्योग सञ्चालन गरी व्यक्तिको आय आर्जनमा सहयोग पुऱ्याउन सकिने भएकाले यसको उपयोगिता स्वतः स्पष्ट रहेको छ। परम्परागत न्यून प्रयोगमा ल्याइएको वनजन्य स्रोतप्रति मानिसहरू सचेत भइरहेको वर्तमान सन्दर्भमा बेललाई प्रशोधन गरी यस उद्योगबाट सर्वत उत्पादन गरिएकाले कमजोर आय भएका व्यक्तिहरूलाई रोजगारी दिएको छ भने थोक तथा खुद्रा व्यापारीहरूले पनि लाभ लिएका छन्। यसले सर्वतका उपभोक्तालाई वैकल्पिक पेय दिन सकेको देखिन्छ। विगत दश वर्षको तथ्याङ्कलाई हेर्दा प्रतिवर्ष औसत २४८८७.३ किलोग्राम बेल यस उद्योगले कच्चा पदार्थका रूपमा सङ्कलन गरेको पाइन्छ। यस उद्योगले

स्थापना कालदेखि वि.सं. २०५९/०६० सालसम्म परीक्षणका रूपमा १००० पेटबोतलदेखि ३००० पेटबोतलसम्म सर्वत उत्पादन गरेको थियो। त्यसपछिका वर्षहरूमा यसले उत्पादन क्रमशः बढाउँदै लगेको पाइन्छ। सहज अवस्थामा २५ हजार पेटबोतल उत्पादन गरेको तथा औसत उत्पादन १२ हजारदेखि १८ हजार पेटबोतलसम्म उत्पादन गर्दै रहेको छ। लिटर परिमाणमा भन्नुपर्दा यस उद्योगले कम्तीमा ३५८६ र बढीमा २४१६७ लिटर सर्वत उत्पादन गरेको पाइएको छ। औसतमा यस उद्योगबाट प्रतिवर्ष १०४७४.६ लिटर सर्वत उत्पादन भइरहेको छ। सर्वत विक्रीबाट यस उद्योगले प्रतिवर्ष औषतमा ६१५०००।– रकम नाफा गरेको पाइएको छ भने बेल सङ्कलन गर्ने र ढुवानी गर्ने, सर्वत उत्पादन गर्ने तथा सर्वत विक्री गर्ने व्यक्तिहरूलाई रोजगारी पनि दिएको छ। जङ्गलमा बेलको फल पाइनु, सर्वत उत्पादन गर्ने सिपयुक्त जनशक्ति पाइनु र बजारमा सर्वतको माग बढ्नु यस उद्योगका सबल पक्ष हुन् भने डडेलोले बेल वनस्पतिलाई पनि असर पुऱ्याउनु, भिरालो जमिनमा बेल टिप्न समस्या हुनु, काँडादार वनस्पति भएकाले हाँगा काटेर बेल टिप्नु र रुखो जमिनमा बेल फल्दा खडेरीका समयमा बेलका दाना साना हुने गुदीभन्दा बोक्राको तौल बढी भई उत्पादन लागत बढ्नु यस उद्योगका मुख्य समस्या हुन्। तथापि यस उद्योगले आफ्नो उत्पादनलाई निरन्तरता दिइरहेको छ जसका कारण उद्यमशीलता विकासमा सहयोग पुगेको छ।

जङ्गलमा खेर जाने बेलको अध्ययन प्रारम्भदेखि उत्पादन र विक्री समेतको कार्यका लागि विश्रान्ति सर्वत उद्योगको ठूलो उपलब्धि मान्नुपर्छ। हाल अर्गानिक वस्तु उपभोगमा चेतना अभिवृद्धि हुँदै रहेको सन्दर्भमा कुनै विषादीको प्रयाग नै नभई जङ्गलबाट टिपेर ल्याइएको बेलबाट सर्वत उत्पादन हुने तहसम्मका सबै प्रक्रियामा अर्गानिक पेय पदार्थ निर्माण तथा निर्यातलाई क्रमशः अन्तर्राष्ट्रिय व्यापार गराउने क्षेत्रमा बजारीकरण गर्न सक्दा सर्वत उद्योग दिगो रूपमा सञ्चालन हुने देखिन्छ।

## सन्दर्भसामग्री

आचार्य, बालकृष्ण (इ. २००१). *आयुर्वेदिक जडीबुटी रहस्य.*, पतञ्जली योगपीठ।

घिमिरे, गोविन्द (२०६६).*मिल्किएको दानादेखि एक गाउँ एक उत्पादनसम्म.*www.home.remesiesguide.com/herbs/bael fruit.html

जिल्ला वन कार्यालय, (२०६९). *पोष्टर,* जिल्ला वन कार्यालय, धनकुटा :।

जिल्ला सामुदायिक वन महासङ्घ (२०७०). *बेल अध्ययन प्रतिवेदन.*, जिल्ला सामुदायिक वन महासङ्घ धनकुटाः

भारद्धाज, माधव (२०७०). *कोशी क्षेत्रको बेल अध्ययन.*

विश्रान्ति सर्वत उद्योग(२०६७) ब्रुसियर तथा पम्पेल्टहरू, विश्रान्ति सर्वत उद्योग,

बेल विकिपिडीया २४ अगष्त २०२०

google Indian beal (बेल)

⊙⊙